आज मिति २०८१ साल मंसिर १० गते सोमबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत अधिकृत | |
| २ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| ३ | | | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. आ.व. २०८०/०८१ को अन्तिम लेखापरिक्षण सम्बन्धमा ।
४. चालु आ.व. २०८१/०८२ प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
५. नदिजन्य पदार्थ (ढुंगा, गिटि, वालुवा) को उत्खनन तथा संकलन व्यवस्थापन सम्बन्धमा ।
६. उपभोक्ता समिति गठन सम्बन्धमा ।
७. आवधिक योजना निर्माण सम्बन्धमा ।
८. जलवायु परिवर्तन अनुकुलन सम्भाव्यता अध्ययन सम्बन्धमा ।
९. लाप्राक गुप्सीपाखा सोलार पम्पिङ खानेपानी आयोजना सम्बन्धमा ।
१०.स्वास्थ्य सेवा विस्तार सम्बन्धमा ।
११.कर्मचारी पदस्थापन तथा खटनपटन सम्बन्धमा ।
१२.बाख्रा स्रोत केन्द्र र पकेट क्षेत्र सम्बन्धमा ।
१३.प्रधानमन्त्रि रोजगार सम्बन्धि कार्यक्रम ।
१४.विविध कार्यविधि सम्बन्धमा ।
१५.सडक मर्मत तथा सरसफाई सम्बन्धमा ।
१६.विद्यमान सवारी भाडा व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट मिति २०८१।०८।०७ गतेदेखि चलिरहेको र लेखापरिक्षणको क्रममा औल्याएका व्यहोरा सहितको संक्षिप्त प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले बैठकमा पेश गरि जानकारी भयो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को प्रथम चौमासिकमा भएका विकास निर्माण, सेवा प्रवाह र कार्यसम्पादनको विषयमा विशेषगरि वडा नं. ४, ५ र ७ का नागरिकहरुलाई लक्षित गरि प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम तपशिलको मिति, समय र स्थानमा गर्ने निर्णय गरियो ।

**तपसिल:**

मिति :- २०८१।०८।२५ गते मंगलबार
समय :- विहान ११: ०० बजे
स्थान :- धार्चे गा.पा.-५ गुम्दा, गोरखा ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको क्षेत्र हुँदै बग्ने बुढिगण्डकि नदि र रेसेखोलाबाट नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन तथा संकलन गर्ने प्रयोजनका लागि स्वीकृत IEE report बमोजिम मिति २०८१।०६।०७ गते प्रथम पटक प्रकाशित ३० दिने सूचना र मिति २०८१।०७।१२ गते दोस्रो पटक प्रकाशित १५ दिने सूचनामा समेत रितपूर्वक कुनै पनि प्रस्ताव पेश हुन नआएकोले स्थानीय आवश्यकतालाई परिपूर्ति गर्न, विकास निर्माण कार्यलाई सुचारु गर्न, चालु आ.व.मा दहत्तर बहत्तरबाट ३०,००,०००।- राजश्व अनुमान गरेकोले सो राजश्व संकलन गर्न लगायतका कारणहरुले गर्दा तपशिल बमोजिमको राजश्व लिई नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) उत्खनन तथा संकलन गर्ने र सो हेरालुको जिम्मेवारी वडा सदस्य श्री पन्दुर गरुङलाई दिई संकलन सम्बन्धि अन्य व्यवस्था मिलाउने निर्णय गरियो । साथै पहुँच मार्ग खुलाउनुपर्ने अवस्थामा निर्माणको लागत अनुसार रकम निर्धारण हुनेछ ।

तपशिल:

प्रति क्यूबिक फिट = रु. ९।– (भ्याटवाहेक)
प्रति घनमिटर = रु. ३५९।– (भ्याटसहित)

| सि.नं. | ढुवानीका साधन | राजश्व रकम (रु.मा) | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर | ९३४ | |

| | | | |
|---|---|---|---|
| २ | टिपर | २६९३ | |
| ३ | प्रति खच्चड | ५० | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि विकास निर्माणका लागि गठन हुने उपभोक्ता समितिहरु सबै वडा समितिहरुले प्रचलित नियमानुसार यथासिघ्र गठन गरि योजना सम्झौताका लागि आवश्यक प्रक्रियामा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आवधिक योजना निर्माण शिर्षकमा रु. १०,००,०००।– बजेट बिनियोजित भएको हुँदा सो कार्यक्रम कार्यान्वयन गर्नका लागि परामर्श सेवामार्फत परामर्शसेवा दाता छनौट गरि कार्य अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत जलवायु परिवर्तन अनुकुलन सम्भाव्यता अध्ययन शिर्षकमा रु. १५,००,०००।– बजेट बिनियोजित भएको हुँदा सो कार्यक्रम कार्यान्वयन गर्नका लागि परामर्श सेवामार्फत परामर्शसेवा दाता छनौट गरि कार्य अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अन्तर्गत लाप्राक गुप्सीपाखा सोलार पम्पिङ खानेपानी आयोजनामा रु. ४०,००,०००।– विनियोजन भई आएको हुँदा सो आयोजना कार्यान्वयन गर्नका लागि रु. २०००००।- बजेटबाट DPR गर्ने र सोका लागि कन्टिन्जेन्सी रकमबाट रु १,६०,०००।– र अपुग भएको बाँकी रकम रु. ४०,०००।– खानेपानी तथा सरसफाई बजेट शिर्षकबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा धार्चे गा.पा. वडा नं. ७ स्थित ठाँटि गाउँ भौगोलिक विकटताको कारण स्वास्थ्य संस्थाहरुबाट नागरिकको आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेकोले करिब २० घरधुरी भन्दा बढि मानवीय बस्ति रहेको उक्त गाउँमा गर्भवति, सुत्केरी, जेष्ठ नागरिक र बालबालिकाहरुको स्वास्थ्य, शिक्षा, परामर्श तथा सामान्य प्राथमिक उपचार सेवाको पहुँच पुर्याउनको लागि लापु स्वास्थ्य चौकी र लापु माझगाउँ सामुदायिक स्वास्थ्य इकाईबाट स्वास्थ्यकर्मी परिचालन गरि मासिक रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न गराउन ठाँटि गाउँघर क्लिनिक स्थापना गरि संचालनमा ल्याउने र सोहि क्लिनिकको लागि आवश्यक औषधि, स्वास्थ्य सामाग्री लगायत अन्य सामाग्रीको व्यवस्थापन गाउँपालिकाबाट मिलाउने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाबाट हुने विकास निर्माण र सेवा प्रवाहलाई थप चुस्त दुरुस्त छिटो छरितो प्रभावकारी गुणस्तरिय एमव् जवाफदेहि हिसाबले सम्पादन गर्न तपशिल बमोजिम कर्मचारी खटनपटन गर्ने गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | कर्मचारीको नामथर | पद | हाल कार्यरत निकाय | पदस्थापना गरिएको निकाय | कै |
|---|---|---|---|---|---|
| १ | श्री मनु सिग्देल | व.प्र.सहायक पाँचौ | ४ नं. वडा कार्यालय लाप्राक | गा.पा. कार्यालय | |
| २ | श्री सुष्मा पौडेल | व.प्र.सहायक पाँचौ | २ नं. वडा कार्यालय केरौजा | गा.पा. कार्यालय | |
| ३ | श्री रेनुका चालिसे | व.प्र.सहायक पाँचौ | १ नं. वडा कार्यालय हुल्चुक | गा.पा. कार्यालय | |
| ४ | श्री आशमान तामाङ | व.प्र.सहायक पाँचौ | ६ नं. वडा कार्यालय काशीगाँउ | २ नं. वडा कार्यालय केरौजा | |
| ५ | श्री कासिफ रजा आलम | व.प्र.सहायक पाँचौ | ३ नं. वडा कार्यालय उहिया | ४ नं. वडा कार्यालय लाप्राक | |
| ६ | श्री संजय महरा | सव इन्जिनियर | ३ नं. वडा कार्यालय उहिया | १ नं. वडा कार्यालय हुल्चुक | |
| ७ | श्री केशव परियार | सव इन्जिनियर | नव नियुक्त | ६ नं. वडा कार्यालय काशीगाँउ | |
| ८ | श्री राज कुमार पुलामी | अ.सब-इन्जिनियर | नव नियुक्त | ३ नं. वडा कार्यालय उहिया | |
| ९ | श्री उमादत्त जोशी | प्र.सहायक चौथो | नव नियुक्त | १ नं. वडा कार्यालय हुल्चुक | |
| १० | श्री सैपाल बुढाथोकी | प्र.सहायक चौथो | नव नियुक्त | ३ नं. वडा कार्यालय उहिया | |
| ११ | श्री निरा चन्द बोहोरा | प्र.सहायक चौथो | नव नियुक्त | ६ नं. वडा कार्यालय काशीगाँउ | |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत बाख्रा स्रोत केन्द्र कार्यक्रम सशर्त चालुमा रु. ५,००,०००।– तथा नयाँ बाख्रा पकेट विकास कार्यक्रम संचालन सशर्त चालुमा रु. १५,००,०००।– बजेट विनियोजित भई आएकोले सो कार्यक्रम कार्यान्वयन गर्नका लागि तपशिल बमोजिम वर्गिकरण गरि अगाडि बढाउने निर्णय गरियो ।

CamScanner

तपशिल

क. बाखा स्रोत केन्द्र कार्यक्रम – वडा नं. ५ ६ र ७ को बेशीहरु

ख. नयाँ बाखा पकेट विकास कार्यक्रम – वडा नं. १ २ र ३ को बेशीहरु

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजित बजेट वडागत रुपमा तपशिल बमोजिम बाँडफाँट गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

तपशिल

| क.सं. | वडा नं. | नेपाल सरकार | विश्व बैंक | गाउँपालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ हुलचुक | - | ६,७५,000.00 | १,४०,000.00 | ८,१५,000.00 | |
| २ | २ केरौजा | ७,९२,000.00 | - | ८०,000.00 | ८,७२,000.00 | |
| ३ | ३ उहिया | - | ६,७५,000.00 | १,४०,000.00 | ८,१५,000.00 | |
| ४ | ४ लाप्राक | ७,९१,000.00 | - | ८०,000.00 | ८,७१,000.00 | |
| ५ | ५ गुम्दा | ७,९१,000.00 | - | ८०,000.00 | ८,७१,000.00 | |
| ६ | ६ काशीगाँउ | - | ६,७५,000.00 | १,४०,000.00 | ८,१५,000.00 | |
| ७ | ७ लापु | - | ६,७५,000.00 | १,४०,000.00 | ८,१५,000.00 | |
| | जम्मा | २३,७४,000.00 | २७,00,000.00 | ८,00,000.00 | ५८,७४,000.00 | |

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस वर्षको वर्षायामका समयमा अविरल वर्षाले गर्दा क्षति भएका सडकखण्डहरु मध्ये केहि सडक खण्डहरु हालसम्म पनि मर्मत एवम् सरसफाई गरि सवारी साधन सुचारु नभएको हुँदा तपशिल बमोजिमका सडक खण्डहरुको लागत इष्टिमेट गरि मर्मत तथा सरसफाई कार्य गरि प्राविधिक मुल्याङ्कनका आधारमा हुने खर्च आकस्मिक सडक सरसफाई शिर्षकबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल-

क. खोर्लाबेंशी – खोर्ला सडक खण्ड

ख. माछिखोला – केरौजा - रुन्चेत सडक खण्ड

ग. रेसे – सिङ्ला सडक खण्ड

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस धार्चे गाउँपालिका र अर्थ सि-यार नेपालको साझेदारीमा धार्चे आधारभूत अस्पताल निर्माण सम्पन्न भई गाउँपालिकालाई हस्तान्तरण भई यहि मंसिर ५ गतेदेखि संचालनमा समेत आएको हुँदा सो अस्पताललाई व्यवस्थित एवम् प्रभावकारी रुपमा संचालन गर्नका लागि कानूनको आवश्यकता पर्ने हुँदा स्वास्थ्य शाखाबाट मस्यौदा तयार भई बैठकमा पेश गरि दफावार छलफल गरिएको तपशिल बमोजिमको कार्यविधि पास गरि कार्यान्वयनमा लाने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

क. धार्चे आधारभूत अस्पताल (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्रका सडक खण्डहरुमा संचालन हुने सवारी साधनहरुले अस्वाभाविक एवम् मनपरि ढंगले सवारी भाडा लिने गरेको जनगुनासोहरु प्राप्त भएको हुँदा आगामी दिनमा सवारी साधनको भाडालाई प्रभावकारी एवम् व्यवस्थित गर्न साथै थप ग्रामिण सडकहरुको लागि भाडादर समेत निर्धारण गर्नका लागि तपशिल बमोजिमको एक टोलि गठन गरि कार्य गर्ने गराउने निर्णय गरियो ।

तपशिल

क. उपाध्यक्ष श्री सुनिला गुरुङ – संयोजक

ख. वडाध्यक्ष श्री शेर बहादुर गुरुङ – सदस्य

ग. वडाध्यक्ष श्री भिम प्रसाद गुरुङ – सदस्य

घ. वडाध्यक्ष श्री राकेश गुरुङ – सदस्य

ङ. वडाध्यक्ष वडा नं. ३ चुमनुब्री गाउँपालिका - सदस्य

CamScanner

आज मिति २०८१ साल पुस ६ गते शनिबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र वहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत अधिकृत | |
| २ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| ३ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ४ | श्री सुन बहादुर गुरुङ | स्वकीय सचिव | |

CamScanner

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व.को हालसम्म भएका विकास निर्माण र सेवा प्रवाहको बारेमा मासिक रिपोर्टिङ सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को हिउँदे गाउँसभा सम्बन्धमा ।
४. योजना, कार्यक्रम तथा बजेटको संशोधन तथा रकमान्तर सम्बन्धमा ।
५. धार्चे आधारभूत अस्पतालमा थ्रिफेज लाईन जडान सम्बन्धमा ।
६. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
७. खानेपानी पाइप खरिद सम्बन्धमा ।
८. वडा नं. ६ को वडाध्यक्ष सम्बन्धमा ।
९. विविध कार्यविधि पास सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को हिउँदे गाउँसभा तपशिल बमोजिमको मिति समय र स्थानमा आयोजना गर्ने गरि अन्य आवश्यक व्यवस्था मिलाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल:**

मिति :- २०८१।०९।२४ गते बुधबार
समय :- विहान ११: ०० बजे
स्थान :- धार्चे गा.पा.को सभाहल माछिखोला, गोरखा ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक योजना कार्यक्रम तथा बजेटमा आवश्यक संशोधन वा रकमान्तर गर्नुपर्ने विवरण तयार गरि आगामी बैठकमा पेश गर्न सबै वडा समिति र कार्यपालिकाको कार्यालयलाई व्यवस्था मिलाउने निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको धार्चे आधारभूत अस्पतालमा हाल जडान भईरहेको विद्युत लाईनबाट एक्सरे लगायतका उपकरणहरु चलाउन नसकिने हुँदा थ्रिफेज विद्युत लाईन आवश्यक परेकोले उक्त थ्रिफेज विद्युत लाईन जडान गरिदिन नेपाल विद्युत प्राधिकरण, आरुघाट वितरण केन्द्रलाई अनुरोध गर्ने साथै आवश्यक खर्च धार्चे आधारभूत अस्पताल व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८१।०९।०६ गते बसेको गाउँ शिक्षा समितिको बैठकबाट भएको निर्णय अनुमोदनका लागि अध्यक्षमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त निर्णयहरु अनुमोदन गरि आवश्यकतानुसार कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई शिर्षकमा रु. ८,००,०००।– बजेट विनियोजित भएकोले सो कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँपालिकाभित्र खानेपानीको व्यवस्थापनका लागि माग अनुसार खानेपानी पाईप खरिद गरि वितरण गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ६ का वडाध्यक्ष श्री धन कुमार घले कुनै पनि कानूनी प्रावधान पूरा नगरिकन वा गाउँ कार्यपालिकालाई कुनै पनि लिखित जानकारी नगराईकन विगत ५ महिना देखि वडासदस्य श्री रविन्द्र घलेलाई कार्यवाहक दिई वैदेशिक यात्रामा गएको र लामो समयदेखि वडा समिति कार्यवाहकबाट चलिरहेको जसले गर्दा जनताबाट

CamScanner

निर्वाचित जनप्रतिनिधिको अनुपस्थितिमा वडाको विकास निर्माण र सेवा प्रवाहमा बाधा परेको हुँदा के कति कारणले निज हालसम्म पनि आफ्नो जिम्मेवारीमा नफर्किएको हो ? सो सम्बन्धमा स्पष्टिकरण सोध्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को नीति योजना कार्यक्रम तथा बजेटको प्रभावकारी एवम् व्यवस्थित रुपमा कार्यान्वयन गर्न गराउनका लागि तपशिल बमोजिमका कानून कार्यविधिहरुको मस्यौदा प्रमुख प्रशासकीय अधिकृतमार्फत शाखाहरुबाट बैठकमा पेश भई दफाबार रुपमा अध्ययन एवम छलफल गरियो । सो सम्बन्धमा उक्त कानून कार्यविधिहरु स्वीकृत/पारित गरि सोहि बमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

क. मासुजन्य उत्पादनको आधारमा नगद अनुदान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ख. कृषिमा उत्पादनको आधारमा नगद अनुदान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ग. महिला सशक्तिकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

घ. अध्यक्ष सहायता कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ङ. धार्चे सूचना केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

च. धार्चे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि (पहिलो संशोधन), २०८१

छ. फलफुल खेती प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८१

CamScanner

आज मिति २०८१ साल पुस २३ गते मंगलबारका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र वहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री विजय कुमार श्रेष्ठ | जिन्सी शाखा प्रमुख | |
| ३ | श्री नारायण बहादुर शाही | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री सुन बहादुर गुरुङ | स्वकीय सचिव | |

CamScanner

**तावहरु:**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. गत आ.व. २०८०/०८१ को खर्च अनुमोदनका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को हालसम्मको आर्थिक प्रगति सम्बन्धमा ।
४. चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
५. चालु आ.व. २०८१/०८२ को पालिकास्तरीय अनुगमन समितिको अर्धवार्षिक प्रतिवेदन सम्बन्धमा ।
६. चालु आ.व. २०८१/०८२ योजना, कार्यक्रम तथा बजेटको संशोधन तथा रकमान्तर सम्बन्धमा ।
७. कानूनहरु अनुमोदन गर्नका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
८. गत आ.व. २०७९/०८० को बेरुजु फछ्र्यौटका लागि सभामा पेश गर्ने सम्बन्धमा ।
९. हालसम्मको कार्यपालिकाबाट भएको हालसम्मको निर्णयहरु अनुमोदनका लागि सभामा पेश गर्ने सम्बन्धमा ।

**र्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा गाउँपालिकाबाट भएको चालु खर्च र पूंजीगत खर्च देहायवमोजिम रहेको हुँदा अनुमोदनका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३०,५७,९०,५०० | २४,९८,१२,६९५.६२ | ८१.६९% |
| पूंजीगत तर्फ | २१,३५,०४,००० | १४,४४,४५,०८५ | ६७.६५% |
| जम्मा | ५१,९२,९४,५०० | ३९,४२,५७,७८०.६२ | ७५.९२% |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को हालसम्मको तपशिल बमोजिमको अर्धवार्षिक आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा अर्धवार्षिक खर्चको अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,०४,९७,७७८ | १०,५८,४७,६५८.२४ | ३३.०२% |
| पूंजीगत तर्फ | २१,३५,०४,००० | ३४,८०,१००.७० | १.९६% |
| जम्मा | ४९,८०,०९,००० | १०,९३,२७,७५८.९४ | २१.९५% |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा छलफल गर्दा चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन संयोजक श्री सुनिला गुरुङमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा अर्धवार्षिक प्रगति प्रतिवेदन अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को गाउँपालिकास्तरीय अनुगमन समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन संयोजक श्री सुनिला गुरुङमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा अर्धवार्षिक प्रगति प्रतिवेदन अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक योजना तर्जुमा नीति कार्यक्रम तथा बजेट पुस्तिकामा सूचिकृत रहेका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार संशोधन गरी आगामी १७ औं हिउदे सभाबाट पारित गर्न प्रस्ताव लाने निर्णय गरियो –

तपशिल:

CS CamScanner

## संशोधित योजना तथा कार्यक्रम

| सि.नं. | वडा नं. | साविक योजना | बजेट | संशोधित योजना | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गा.पा. | गुरु योजना तथा सम्भाव्यता अध्ययन | २०,००,००० | सडक गुरुयोजना निर्माण | १०,००,००० | |
| २ | | | | सामाजिक परिक्षण | २,००,००० | |
| ३ | | | | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | ३,००,००० | |
| ४ | | | | यानान तनिङ ज्यार्वोखोला झोलुङ्गे पुल डिपिआर | ३,००,००० | |
| ५ | | | | रैसे सिङ्ला मेला खेलकुद व्यवस्थापन | २,००,००० | |
| ६ | गा.पा. | जलवायु परिवर्तन अनुकूलन सम्भाव्यता अध्ययन | १५,००,००० | जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्ययोजना निर्माण (LAPA) | १५,००,००० | |
| ७ | गा.पा. | लापु वडा कार्यालय निर्माण | १०,००,००० | वडा कार्यालय तला थप | १०,००,००० | |
| ८ | गा.पा. | सभाहल ट्रस्ट निर्माण माछिखोला | १५,००,००० | जनजागृति मा.वि भवन निर्माण | १०,००,००० | |
| ९ | | | | सभाहल पार्टेसन | ५,००,००० | |
| १० | गा.पा. | रेविज डे मनाउन तथा बांध्यकरण शिविर | २,५०,००० | रेविज रोग नियन्त्रणका लागि कुकुर बन्ध्याकरण | २,५०,००० | |
| ११ | गा.पा. | पसुपंक्षि तथा मत्स्यपालन विमा | ३,००,००० | आवश्यक सामाग्री खरिद | ३,००,००० | |
| १२ | गा.पा. | यामागाउँ सामूदायिक घर | ३,००,००० | यामगाउँ सामूदायिक ट्रस्ट भवन निर्माण | ३,००,००० | |
| १३ | गा.पा. | संघसंस्थासँग साझेदारी कार्यक्रम | १३,५०,००० | गोरेटो गोरखासँग साझेदारी कार्यक्रम | ७,००,००० | |
| १४ | | | | राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन | १,८०,००० | |
| १५ | | | | इन्टरनेट व्यवस्थापन | ४,००,००० | |
| १६ | | | | सभाहल पार्टेसन | ७०,००० | |
| १७ | गा.पा. | धार्चे युवा रोजगार तथा स्वरोजगार उत्पादन अनुदान | २०,००,००० | धार्चे युवा रोजगार तथा स्वरोजगार उत्पादन अनुदान | १०,००,००० | |
| १८ | | | | धार्चे युवा रोजगारको तालिम तथा डुङ्गा र काठ काट्ने मेसिन खरिद | १०,००,००० | |
| १९ | गा.पा. | भूमिहिन सुकुम्बासी जग्गा वितरण व्यवस्थापन | ३,००,००० | लोर्जे सिन्टु खोला गोरेटो मर्मत | ३,००,००० | |
| २० | गा.पा. | दलित स्वास्थ्य बीमा | ४,००,००० | तातोपानी मेला व्यवस्थापन | २,५०,००० | |
| २१ | | | | हुल्युक मण्डली मर्मत तथा व्यवस्थापन | १,५०,००० | |
| २२ | गा.पा. | बन भुक्षय संरक्षण र जैबिक | ६,००,००० | खोलबिशी खेलकुद मैदान मंच निर्माण | ४,५०,००० | |
| २३ | | | | सात कन्या मा.वि. गोरेटो बाटो निर्माण | १,५०,००० | |
| २४ | गा.पा. | लम्पू हिमाल आरोहण व्यवस्थापन | ६,००,००० | केरौजा मा.वि. २ कोठा भवन मर्मत | ३,००,००० | |
| २५ | | | | गण्डकी मा.वि. शौचालय मर्मत | २,००,००० | |
| २६ | | | | मेगा विद्यालय आस्थायी शौचालय निर्माण | १,००,००० | |
| २७ | गा.पा. | धार्चे कला संस्कृति र भाषा अध्ययन | ६,००,००० | हुल्युक स्वास्थ्य ईकाइ कोठा थप | २,००,००० | |
| २८ | | | | चुनखोला गुम्दा बृहत खानेपानी व्यवस्थापन | ३,००,००० | |
| २९ | | | | खानीबेशी गोरेटो बाटो निर्माण | १,००,००० | |
| ३० | गा.पा. | गा.पा.भवन निर्माण | ५०,००,००० | वडा नं. ५ को वडा कार्यालय तला थप (जि.स.स.सँग साझेदारी) | ९,८०,००० | |
| ३१ | | | | वडा कार्यालय तला थप | ५,००,००० | |
| ३२ | | | | धार्चे कभड हल शौचालय र अन्य निर्माण | ५,००,००० | |
| ३३ | | | | धार्चे आधारभूत अस्पताल गेट निर्माण | १,५०,००० | |
| ३४ | | | | भिरकुना लन्चेखोला काठेपुल निर्माण | ५०,००० | |
| ३५ | गा.पा. | कृषि बिमा | २,००,००० | सामाबेशी मण्डली पर्खाल निर्माण | २,००,००० | |
| ३६ | गा.पा. | विविध खेलकुद कार्यक्रम | ४,००,००० | पालिका स्थापना दिवस व्यवस्थापन | ४,००,००० | |
| ३७ | गा.पा. | संचित कोष | १,००,००,००० | रैसे गुम्दा शाखा सडक | १०,००,००० | |
| ३८ | | | | हुल्युक वडा कार्यालय शौचालय निर्माण | ३,५०,००० | |
| ३९ | | | | दुइला खानेपानी मर्मत | २,७०,००० | |
| ४० | | | | काशीगाउँ माने निर्माण | ७,००,००० | |
| ४१ | | | | पुसु डाँडा गेट निर्माण(हिमाली आमा समूहसँग साझेदारी) | ९,००,००० | |
| ४२ | | | | यामगाउँ सामूदायिक ट्रस्ट भवन निर्माण | १,५०,००० | |
| ४३ | | | | पारिश्रमिक कर्मचारी | ५०,००,००० | |
| ४४ | | | | स्थानीय भत्ता | २,५०,००० | |
| ४५ | | | | मंहगी भत्ता | १,००,००० | |
| ४६ | | | | जे.सि.बि.मर्मत खर्च | २,८०,००० | |
| ४७ | | | | सवारी साधन मर्मत खर्च | ५,५०,००० | |
| ४८ | | | | सिसि क्यामेरा जडान व्यवस्थापन | ४,५०,००० | |
| ४९ | गा.पा. | धसिको नर्सरी निर्माण | ३,५०,००० | नमुना नर्सरी निर्माण | ६,००,००० | |
| ५० | | तरकारी/फलफूल नर्सरी | २,५०,००० | | | |
| ५१ | | नमुना टनेल घर निर्माण | १,००,००० | खानीबेशी अस्थाई पुल निर्माण | १,००,००० | |
| ५२ | गा.पा. | गुम्दा कोल्ड स्टोर रैक | ६,००,००० | गुम्दा कोल्ड स्टोर व्यवस्थापन | ६,००,००० | |
| ५३ | गा.पा. | दोभान चर्च घर गोरेटो बाटो निर्माण | ३,००,००० | दोभान खानेपानी मर्मत सम्भार | ३,००,००० | |
| ५४ | ३ | घट्टेखोला फलामे पुल निर्माण | ५,००,००० | घट्टेखोला पुल निर्माण | ५,००,००० | |
| ५५ | ४ | वडा कार्यालय व्यवस्थापन | २,००,००० | वडा कार्यालय व्यवस्थापन | १,००,००० | |
| ५६ | | | | सिमि याम्बो संरक्षण | १,००,००० | |
| ५७ | ५ | वडा कार्यालय व्यवस्थापन | २,५०,००० | गैरीधारा ढल व्यवस्थापन तथा बाटो निर्माण | २,५०,००० | |
| ५८ | ५ | लप्सीबोट सामुदायिक ट्रस्ट भवन | ९,००,००० | लप्सीबोट सामुदायिक भवन | ९,००,००० | |
| ५९ | ७ | स्वास्थ्य तथा पोषण कार्यक्रम | १,००,००० | माझगाउँ स्वास्थ ईकाइ एक कोठा भवन निर्माण | २,००,००० | |
| ६० | | स्वास्थ्य विमा कार्यक्रम | १,००,००० | | | |
| ६१ | | विपद व्यवस्थापन | ५०,००० | भिरकुना लन्चेखोला काठेपुल निर्माण | ५०,००० | |
| ६२ | ७ | भिरकुना सामुदायिक भवन मर्मत | १,००,००० | गंगा जमुना आ.वि. खानेपानी व्यवस्थापन | १,००,००० | |

CamScanner

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को नीति बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाबाट पास भएका तपशिल बमोजिमका कानूनहरु गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

तपशिल

क. आवासीय छात्रावास (संचालन तथा व्यवस्थापन सम्बन्धी) कार्यविधि, २०८१

ख. प्रधानाध्यापक मासिक प्रोत्साहन भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

ग. अतिरिक्त कक्षा (संचालन तथा व्यवस्थापन सम्बन्धी) कार्यविधि, २०८१

घ. माध्यमिक तह (अंग्रेजी, गणित र विज्ञान लगायत अन्य विषय)शिक्षक प्रोत्साहन भत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

ङ. माध्यमिक तथा निम्नमाध्यमिक तह अंग्रेजी, गणित र विज्ञान विषय अध्यापन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०८१

च. धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८१

छ. स्थानिय तहको पशु सेवा शाखाबाट सचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

ज. स्थानिय तहको कृषि विकास शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

झ. धार्चे आधारभूत अस्पताल (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ञ. मासुजन्य उत्पादनको आधारमा नगद अनुदान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ट. कृषिमा उत्पादनको आधारमा नगद अनुदान (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ठ. महिला सशक्तिकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ड. अध्यक्ष सहायता कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ढ. धार्चे सूचना केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

ण. धार्चे गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि (पहिलो संशोधन), २०८१

त. फलफुल खेती प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०८१

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७९/०८० को अन्तिम लेखा परिक्षणमा महालेखा परिक्षकको कार्यालयबाट विविध शिर्षकमा सैद्धान्तिक बेरुजु, प्रमाण पेश गर्नुपर्ने, अनियमित भएको र असुल गर्नेपर्ने भनि विभिन्न बेरुजुहरु औंल्याएको सम्बन्धमा उक्त केहि बेरुजुहरुको सम्परिक्षणका लागि लेखा समितिबाट बेरुजु फछ्र्यौटको प्रायोजनका लागि पेश भएको आवश्यक प्रक्रिया अनुमोदनका लागि सभामा पेश निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को साउनदेखि हालसम्म बसेको गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको अनुमोदनका लागि १७ औं हिउँदे गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल

हालसम्मका कार्यपालिका बैठकबाट भएका निर्णयहरुको अनुमोदन

| | | | |
|---|---|---|---|
| कार्यपालिका बैठक २०८१।०४।१८ | 1/1/2025 1:11 PM | Microsoft Word D... | 48 KB |
| कार्यपालिका बैठक २०८१।०५।२७ | 10/23/2024 12:15 PM | Microsoft Word D... | 48 KB |
| कार्यपालिका बैठक २०८१।०६।१६ | 11/29/2024 2:11 PM | Microsoft Word D... | 49 KB |
| कार्यपालिका बैठक २०८१।०७।१३ | 12/1/2024 11:41 AM | Microsoft Word D... | 49 KB |
| कार्यपालिका बैठक २०८१।०८।१० | 12/21/2024 5:34 PM | Microsoft Word D... | 57 KB |
| कार्यपालिका बैठक २०८१।०९।०६ | 12/21/2024 6:11 PM | Microsoft Word D... | 47 KB |
| कार्यपालिका बैठक २०८१।०९।२३ | 1/7/2025 6:30 PM | Microsoft Word D... | 59 KB |

CS CamScanner

आज मिति २०८१ साल पुस १९ गतेका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

## उपस्थितिहरुः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

## अन्य उपस्थिति

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| २ | श्री नारायण बहादुर शाही | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री धन प्रसाद गुरुङ | क.अ. | |
| ४ | श्री असिम गुरुङ | फिल्ड सहायक | |

CamScanner

तावहरु:

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वयन समिक्षा ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा अनुमोदन सम्बन्धमा ।

३. मुद्दाको सम्बन्धमा लिखित जवाफ तथा प्रतिरक्षा गर्ने अख्तियारी दिने सम्बन्धमा ।

र्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा यस गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनमा प्राप्त भएको देहाय बमोजिमको नतिजा बैठकमा प्रस्तुत गरि सो सम्बन्धमा आवश्यक छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय :

| | |
|---|---|
| क. समग्र स्थिति | - ९६.४३ % |
| ख. प्रक्रियागत स्थिति | - ९१.१८ % |
| ग. परिमाणात्मक स्थिति | - ९६.६७ % |
| जम्मा प्राप्तांक | - ९४.७५% |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा निवेदक सुनिल गुरुङले धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष, शिक्षा शाखा प्रमुख श्री पुष्प राज जोशि तथा श्री सूर्योदय मा.वि. गुम्दालाई विपक्षी बनाई भएको रिटमा (०८१-WO-०११२/२१३) सम्मानीत उच्च अदालत पोखराबाट मिति २०८१।०९।२२ मा आफै वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्ने आदेश भएको हुदाँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४) क (५), दफा १६(४) क (१३), १६(४) ख (८) र दफा १८ (१) बमोजिम धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका अध्यक्ष र शिक्षा शाखा प्रमुख श्री पुष्प राज जोशिका तर्फबाट आफु वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्ने तथा उक्त मुद्दाको सम्पुर्ण प्रक्रियामा आफै वा वारेश दिई प्रतिरक्षा गर्ने गराउने, कुनै कागजात पेश गर्ने गराउने वा बुझिलिन लगाउने अख्तियारी यसै धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख श्री पुष्प राज जोशीलाई दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८१ साल माघ ३० गतेका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री काजीमान सुनार | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री दिनेश गुरुङ (का.वा.अध्यक्ष) | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | श्री बलराम श्रेष्ठ | लेखा अधिकृत | |
| ३ | श्री नारायण बहादुर शाही | सूचना प्रविधि अधिकृत | |

CamScanner

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. को हालसम्मको विकास निर्माण र सेवा प्रवाहको रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को हालसम्मको आर्थिक तथा भौतिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सम्बन्धमा ।
५. आ.व. २०८०/०८१ को स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) को नतिजा सम्बन्धमा।
६. आ.व. २०८०/०८१ को स्थानीय तह कार्यसम्पादन मुल्याङ्कनको नतिजा सम्बन्धमा।
७. आ.व. २०८०/०८१ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।
८. गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीको म्याद थप गर्ने सम्बन्धमा ।
९. चालु आ.व.मा ढुंगा, गिटि, वालुवाको राजश्व संकलन सम्बन्धमा ।
१०.आगामी आ.व. २०८२/०८३ का लागि राष्ट्रिय योजना आयोगमा विशेष र समपूरक अनुदानका लागि योजना पेश गर्ने सम्बन्धमा ।
११.चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।
१२.चालु आ.व. २०८१/०८२ को गाउँपालिकास्तरीय अनुगमन समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।
१३.सडक गुरुयोजना निर्माण गर्ने सम्बन्धमा ।
१४.गत आ.व. २०८०/०८१ को उपभोक्ता समितिको धरौटी रकम फिर्ता गर्ने सम्बन्धमा ।
१५.केरौजा मा.वि.को उजुरी सम्बन्धमा ।
१६.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराद्धारा हुने कार्यक्रम सम्बन्धमा ।
१७.विविध परिपत्र सम्बन्धमा ।
१८.सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
१९.माछिखोला खानेपानी आयोजनाको म्याद थप सम्बन्धमा ।
२०.गुम्दा बहुउद्धेश्यीय सभाहलको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को हालसम्मको तपशिल बमोजिमको आर्थिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रू.) | खर्च रकम (रू.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,०४,९७,७७८ | ११,४०,३४,७७०.१४ | ३५.५८% |
| पूँजीगत तर्फ | २१,३५,०४,००० | ६४,६७,३१८.७० | ३.६४% |
| जम्मा | ४९,८०,०९,००० | १२,०५,०२,०८८.८४ | २४.१९% |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA को सार्वजनिक नतिजा अनुसार यस धार्चे गाउँपालिकाले कुल ९४.७५ प्रतिशत अंक (समग्र स्थिति-८९.२९%,प्रक्रियागत स्थिति-९१.१८% र परिमाणात्मक स्थिति-९८.८९%) प्राप्त गरि गोरखा जिल्लामा तेस्रो स्थान प्राप्त गर्न सफल भएकोमा सरोकारवालाहरु सबैलाई धन्यवाद सहित आभार व्यक्त गर्दै आगामी दिनमा अझ उत्कृष्ट नतिजा ल्याउने गरि गाउँपालिकाले विकास निर्माण सेवा प्रवाह र अन्तर समन्वय कायम गरि कार्य सम्पादन गर्ने गराउने निर्णय गरियो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA को सार्वजनिक नतिजा अनुसार यस धार्चे गाउँपालिकाले कुल ८३ प्रतिशत अंक (प्रक्रियाको जोखिम-८८.६८%, नतिजाको जोखिम-

CamScanner

७३.०८% र वित्तिय अनुशासनको जोखिम-७७.९४%) प्राप्त गर्न सफल भएकोमा सरोकारवालाहरु सबैलाई धन्यवाद सहित आभार व्यक्त गर्दै आगामी दिनमा अझ उत्कृष्ट नतिजा ल्याउने गरि गाउँपालिकाले विकास निर्माण सेवा प्रवाह र अन्तर समन्वय कायम गरि कार्य सम्पादन गर्ने गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कनमा यस गाउँपालिकाले समग्रमा ६६.८ प्रतिशत अंक हासिल गर्न सफल भएकोमा सरोकारवालाहरु सबैलाई धन्यवाद सहित आभार व्यक्त गर्दै आगामी दिनमा अझ उत्कृष्ट नतिजा ल्याउने गरि गाउँपालिकाले विकास निर्माण सेवा प्रवाह र अन्तर समन्वय कायम गरि कार्य सम्पादन गर्ने गराउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ. व. २०८०/०८१ को अन्तिम लेखापरिक्षण महालेखापरिक्षणको कार्यालयबाट सम्पन्न गरि दिएको प्रारम्भिक प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त प्रतिवेदनमा उल्लेखित सुझावहरुको पूर्ण पालना गरि चालु आ. व. मा गाउँपालिकाले गर्ने सार्वजनिक खर्च आर्थिक कार्यविधि र मानदण्ड बमोजिम थप प्रभावकारी, पारदर्शी, जवाफदेही, औचित्यपूर्ण, लागतप्रभावी एवम नतिजामूलक बनाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको पुसमसान्तसम्म म्याद कायम रहेकोमा आगामी असारमसान्तसम्म म्याद थप गरि साविककै सेवा शर्त र सुविधा बमोजिम कामकाजमा खटाउने र सो प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिकाले राजश्व संकलनमा लिएको लक्ष्य हासिल गर्नका लागि राजश्व संकलन कार्यलाई प्रभावकारी एवम् व्यवस्थित बनाउँदै राजश्व चुहावटलाई पूर्ण नियन्त्रण गर्दै उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा प्रयोग हुने प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा गिटि र वालुवा) मध्ये साविकमा वालुवाको मात्र राजश्व संकलन गर्दै आईएकोमा चालु आ.व. देखि ढुंगाको समेत राजश्व संकलन गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ का लागि राष्ट्रिय योजना आयोगमा विशेष अनुदान र समपूरक अनुदानका लागि आयोजनाहरु पेश गर्ने प्रयोजनका लागि गत आ.व. मा ठेक्का सम्झौता भई निर्माणधिन मेघा विद्यालय होस्टेल ब्लक निर्माण आयोजना यस वर्ष सम्झौताको म्याद सम्पन्न हुने तर आयोजना सम्पन्न नहुने हुँदा उक्त आयोजना सम्पन्न गर्नका लागि विशेष अनुदान तर्फ माग गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

<u>विशेष अनुदानतर्फः-</u>

क. मेघा विद्यालय होस्टेल ब्लक निर्माण

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा छलफल गर्दा चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको माघ महिना प्रगति प्रतिवेदन सचिवालयमार्फत बैठकमा पेश भई जानकारी भयो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को गाउँपालिकास्तरीय अनुगमन समितिको माघ महिनाको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को हिंउदे गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सडक गुरु योजना निर्माण शिर्षकमा रु. १०,००,०००।– बजेट बिनियोजित भएको हुँदा सो कार्यक्रम कार्यान्वयन गर्नका लागि परामर्श सेवामार्फत परामर्शसेवा दाता छनौट गरि कार्य अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा गत आ.व. २०८०/०८१ मा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने विकास निर्माण सम्बन्धि योजनाको अन्तिम भुक्तानीमा गाउँ कार्यपालिकाको मिति २०८०।०४।२६ गतेको निर्णयानुसार ५ प्रतिशत धरौटी कट्टा गरिएकोमा गत आ.व.को अन्तिम लेखा परिक्षण सम्पन्न भई महालेखापरिक्षकको कार्यालयबाट प्रारम्भिक प्रतिवेदन समेत प्राप्त भई सकेको हुँदा बेरूजु कायम रहेका उपभोक्ता समितिको सोहि धरौटीबाट बेरुजु कट्टा गरि बाँकि रहेको रकम तथा अन्यको हकमा पुरै रकम वडा कार्यालयको सिफारिस समेतका आधारमा सम्बन्धित उपभोक्ता समितिको बैक खातामा फिर्ता गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

CamScanner

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको च.नं. PKR-८१८२-३३६६० मिति २०८१।०९।२८ गतेको प्राविधिक प्रतिवेदन उपलब्ध गराउने सम्बन्धि प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त उजुरी माथि स्थलगत छानविन गरि तोकिएबमोजिमको प्राविधिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नका लागि तपशिल बमोजिमको तीन सदस्यीय छानविन टोलि गठन गर्ने निर्णय गरियो ।

तपशिल

क. उपाध्यक्ष श्री सुनिता गुरुङ - संयोजक

ख. प्राविधिक शाखा प्रमुख श्री सनम राई - सदस्य

ग. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री पुष्प राज जोशी - सदस्य

१६.प्रस्ताव नं. १६ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको च.नं. PKR-८१८२-३७८३४ मिति २०८१।१०।२८ गतेको कार्यक्रममा सहजीकरण गरिदिने सम्बन्धि प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त कार्यक्रम तोकिएबमोजिमको मिति समय र स्थानमा भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतमार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

१७.प्रस्ताव नं. १७ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय गोरखाको च.नं. २१३२ मिति २०८१।१०।२९ गतेको राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ मनाउने सम्बन्धि पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ भव्य र सभ्य रुपमा मनाउनका लागि ७ गते विहान ८ बजे गाउँ कार्यपालिकाको कार्यालय सबै वडा कार्यालयहरु सबै स्वास्थ्य संस्थाहरु विद्यालयहरु परिसर सरसफाई गर्ने साथै बेलुका दिप प्रज्वलन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

१८.प्रस्ताव नं. १८ माथि छलफल गर्दा तमु राष्ट्रिय मुक्ति मोर्चा नेपाल केन्द्रिय कार्यालय को मिति २०८१।१०।१२ गतेको सहयोग सम्बन्धि प्राप्त पत्र अध्यक्षमार्फत बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा उक्त मोर्चाद्वारा मिति २०८१ फागुन १० गते पोखरामा आयोजना हुने वृहत कार्यक्रमलाई सभ्य र भव्य रुपमा सम्पन्न गर्नका लागि अध्यक्ष आर्थिक सहायता शिर्षकबाट रु. ५०,०००।– (अक्षेरुपि पचास हजार रुपैयामात्र) सहयोग प्रदान गर्ने निर्णय गरियो ।

१९.प्रस्ताव नं. १९ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा यस कार्यालयबाट ठेक्का नं. DRM/NCB/Works/03/080/081 Machhikhola Drinking Water Project (धार्चे-५) निर्माणका लागि मिति २०८१।११।०५ गतेभित्र कार्य सम्पन्न गर्ने गरि मिति २०८०।१०।०४ गते श्री DIPJYOTI/A-ONE JV गोरखालाई कार्यदिश दिईएकोमा सो अवधिमा विविध कारणले कार्यसम्पन्न हुन नसकेको र निर्माण कार्य निरन्तर चलिरहेको हुँदा हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली, २०६४ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम ६ महिना म्याद थप गरि आयोजना सम्पन्न गर्ने र सो म्याद थपका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

२०.प्रस्ताव नं. २० माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा यस कार्यालयबाट ठेक्का नं. DRM/NCB/Works/01/078/079 Construction of Gumda Multipurpose Conference Hall (धार्चे-५ गुम्दा) निर्माणका लागि मिति २०७९।१०।२९ गतेभित्र कार्य सम्पन्न गर्ने गरि मिति २०७८।११।२३ गते श्री गोरखनाथ कन्स्ट्रक्सन एण्ड मर्चेण्डिसर प्रा.लि. काठमाडौंलाई कार्यादेश दिईएकोमा सो अवधिमा कार्यसम्पन्न गर्न नसकी मिति २०८०।१०।२९ गतेसम्म म्याद कायम हुने गरि पहिलो पटक, मिति २०८१।०४।२९ गतेसम्म म्याद कायम हुने गरि दोस्रो पटक र मिति २०८१।१०।२९ गतेसम्म म्याद कायम हुने गरि तेस्रो पटक थप भएकोमा सो अवधिमा समेत विविध कारणले कार्य सम्पन्न हुन नसकेको र उक्त निर्माण कम्पनीबाट पुन ६ महिनाका लागि म्याद थप गरिदिन भनि निवेदन पेश हुन आएकोले हालसम्मको कार्यप्रगति समेतलाई मुल्यांकन गरि सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम मिति २०८२।०३।२९ गतेसम्म म्याद कायम हुने गरि थप गर्ने र म्याद थपका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

CamScanner

आज मिति २०८१ साल फागुन २३ गतेका दिन यस धार्चे गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मण गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक धार्चे गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखामा बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल एवम् निर्णय गरियो ।

**उपस्थितिहरु:**

| सि.नं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण गुरुङ | अध्यक्ष | |
| २ | श्री सुनिला गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री ~~काजीमान सुनार~~ विनायक तिमिल्सिना (प्र.प्र.अ) | सदस्य-सचिव | |
| ४ | श्री राम सिङ गुरुङ | सदस्य | |
| ५ | श्री सरोज गुरुङ | सदस्य | |
| ६ | श्री शेर बहादुर गुरुङ | सदस्य | |
| ७ | श्री किसान गुरुङ | सदस्य | |
| ८ | श्री भिम प्रसाद गुरुङ | सदस्य | |
| ९ | श्री रविन्द्र घले (का.वा.अध्यक्ष) | सदस्य | |
| १० | श्री राकेश गुरुङ | सदस्य | |
| ११ | श्री अनार्त गुरुङ | सदस्य | |
| १२ | श्री पासमाया गुरुङ | सदस्य | |
| १३ | श्री देवी सुनार | सदस्य | |
| १४ | श्री सुनमाया वि.क. | सदस्य | |
| १५ | श्री मित्र बहादुर सुनार | सदस्य | |
| १६ | श्री जक सिङ घले | सदस्य | |

**अन्य उपस्थिति**

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विनायक तिमिल्सिना | प्रशासकीय अधिकृत | |
| २ | | | |
| ३ | | | |

CS CamScanner

प्रस्तावहरु:

१. अघिल्लो बैठकबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. को हालसम्मको विकास निर्माण र सेवा प्रवाहको रिपोर्टिङ सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को हालसम्मको वित्तिय प्रगति प्रतिवेदन सम्बन्धमा ।
४. चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।
५. चालु आ.व. २०८१/०८२ को गाउँपालिकास्तरीय अनुगमन समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।
६. गाउँपालिका भवनको ठेक्का सम्झौता सम्बन्धमा ।
७. प्रथम अध्यक्ष कप राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता, २०८१ सम्बन्धमा ।
८. गाउँपालिकाको स्थापना दिवस (फागुन २७) सम्बन्धमा ।
९. आगामी आ.व. २०८२/०८३ का लागि राष्ट्रिय योजना आयोगमा विशेष र समपूरक अनुदानका लागि योजना पेश गर्ने सम्बन्धमा ।
१०. शिक्षकहरुको सरुवा सहमति सम्बन्धमा ।
११. कार्यालय सहयोगी सम्बन्धमा ।
१२. बालमैत्री स्थानीय शासन गाउँ समिति गठन सम्बन्धमा ।
१३. स्वास्थ्य क्षेत्रको लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण समन्वय समिति गठन सम्बन्धमा ।
१४. वडा नं. ४ अन्तर्गत जग्गा प्रासि सम्बन्धमा ।
१५. विविध ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडीको कार्यपालिकाबाट भएको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरि निर्णय कार्यान्वयनका लागि थप क्रियाशिल रहने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को हालसम्म भएका विकास निर्माण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सबै वडाध्यक्षहरुबाट पालैपालो रिपोर्टिङ भई जानकारी भयो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को हालसम्मको तपशिल बमोजिमको आर्थिक प्रगति प्रतिवेदन नि.प्रमुख प्रशासकीय अधिकृतमार्फत बैठकमा पेश भई जानकारी भयो ।

तपशिल

| | विनियोजित रकम (रु.) | खर्च रकम (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु तर्फ | ३२,०४,९७,७७८ | ११,४०,३४,७७०.१४ | ३६.९०% |
| पूंजीगत तर्फ | १७,७५,११,२२२ | ६९,९३,३५३.०० | ३.९३% |
| जम्मा | ४९,८०,०९,००० | १२,५२,६८,०९३.०० | २५.१५% |

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा आ.व. २०८१।०८२ को न्यायिक समितिको फागुन महिनाको प्रगति प्रतिवेदन सचिवालयमार्फत बैठकमा पेश भई जानकारी भयो ।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को गाउँपालिकास्तरीय अनुगमन समितिको फाल्गुन महिनाको प्रगति प्रतिवेदन संयोजकमार्फत बैठकमा पेश भई जानकारी भयो ।
६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि ठेक्का नं. DRM/NCB/works/02/077/078 construction of Dharche Rural Municipality बाट BKOI-HEMANTA J.V. चितवनसँग मिति २०७८/०१/०५ गते सम्झौता भई मिति २०७९/१०/२९ गतेसम्म कार्य सम्पन्न गर्नुपर्नेमा तोकिएको समय अवधिमा विविध कारणले कार्य सम्पन्न हुन नसकि म्याद थप गरिपाउँ भनि पेश हुन आएको निवेदन लगायतका आधारमा गाउँ कार्यपालिकाको मिति २०८०।०३।२२ गतेको निर्णयानुसार मिति २०७९।१०।२९ गतेबाटै लागु हुने गरि उक्त ठेक्का सम्झौताको म्याद मिति २०८०।११।२९ सम्म कायम हुने गरि थप गरिएकोमा सो अवधिमा विविध कारणले निर्माण कार्य अगाडि नबढेको र निर्माण व्यवसायीले निर्माण कार्य गर्ने मनसाय व्यक्त गरेको र उक्त कम्पनिसँग ठेक्का सम्झौता अन्त्य गर्दा हालको मुल्यांकन अनुसार

CamScanner

पुन ठेक्का आव्हान गर्दा लागत बढ्न गई कार्यालयलाई थप आर्थिक भार पर्ने र आयोजनाको समय समेत लम्बिने र निर्माण कार्य अनिश्चित हुने हुँदा गाउँपालिकाको निर्माणाधिन भवन समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्ययभार उत्पन्न नहुने गरि सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम पुन: अर्को पटकका लागि म्याद थप गर्ने भनि मिति २०८०।११।२४ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भएबमोजिम गाउँ कार्यपालिकाको कार्यालयले उक्त निर्माण कम्पनिलाई बैंक जमानतको म्याद थप गरि पेश गर्न पटक पटक पत्राचार र ताकेता गर्दा निर्माण व्यवसायीले मिति २०८१।०२।३० गते बैंक जमानतको म्याद थप गरि पेश गरेको हुँदा मिति २०८०।११।३० देखि मिति २०८१।०२।३० गतेसम्म जम्मा ३ महिना (९० दिन) को नियमानुसार विलम्ब शुल्क लगाई १ वर्षका लागि म्याद थप गर्ने निर्णय गरेबमोजिम पुन: दोस्रो पटक १ वर्ष म्याद थप गरिएकोमा सो अवधिमा समेत विविध कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्नेमा प्रगति नभएको भनि निर्माण व्यवसायिबाट म्याद थप र थपिएको म्यादभित्र कार्यसम्पन्न गर्ने व्यहोराको प्रतिवद्धता समेत प्राप्त भएको हुँदा उक्त कम्पनिसँग ठेक्का सम्झौता अन्त्य गर्दा हालको मुल्यांकन अनुसार पुन ठेक्का आव्हान गर्दा लागत बढ्न गई कार्यालयलाई थप आर्थिक भार पर्ने र आयोजनाको समय समेत लम्विने र निर्माण कार्य अनिश्चित हुने हुँदा गाउँपालिकाको निर्माणाधिन भवन समयमानै सम्पन्न गर्न साथै कार्यालयलाई थप आर्थिक व्ययभार उत्पन्न नहुने गरि सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली, २०७९ नियम १२० क खरिद सम्झौताको अवधि थप सम्बन्धी विशेष व्यवस्था बमोजिम आगामी २०८२ असार मसान्तसम्मका लागि पुन: अर्को पटकका लागि म्याद थप गर्ने र सो सम्बन्धि आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस धार्चे गाउँपालिकाको ८ औ स्थापना दिवसको अवसरमा पहिलो अध्यक्ष कप राष्ट्रिय खुल्ला ब्याडमिन्टन प्रतियोगिता -२०८१ यहि फागुन २५-२७ गतेसम्म सञ्चालन गर्ने र सो सम्बन्धि आवश्यक अन्य सम्पूर्ण व्यवस्थापन गर्न गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल यस धार्चे गाउँपालिकाको स्थापना भएको दिन फागुन २७ गतेलाई गाउँपालिकाले स्थापना दिवसका रुपमा मनाउने र उक्त दिन गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय तथा शैक्षिक संस्थाहरु र बैंक तथा वित्तिय संस्थाहरुमा एक दिन सार्वजनिक विदा दिने र गाउँपालिकाको केन्द्र माछिखोलामा विविध कार्यक्रम तथा पहिलो अध्यक्ष कप राष्ट्रिय खुल्ला ब्याडमिन्टन प्रतियोगिता-२०८१ को अन्तिम खेल गराई विभिन्न कार्यक्रम गरि भव्य रुपमा मनाउने । साथै उक्त कार्यक्रममा तपशिल बमोजिमका क्षेत्रमा सम्मान गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | नाम थर | ठेगाना | योगदान | कैफियत |
|---|---|---|---|---|
| १ | छलकन्या गुरुङ(आमा) | धार्चे-०५ | शहिद परिवार (सन्त बहादुर तमु, (थाङ) | नगद रु. २५ हजार र दोसल्ला |
| २ | चित्रमाया गुरुङ(आमा) | धार्चे-०५ | शहिद परिवार (विष बहादुर तमु (मन्जुर) | नगद रु. २५ हजार र दोसल्ला |
| ३ | विषमाया गुरुङ(आमा) | धार्चे-०५ | शहिद परिवार (बेनीबहादुर तमु, (राजन) | नगद रु. २५ हजार र दोसल्ला |
| ४ | पवन घले (छोरो) | धार्चे-०६ | शहिद परिवार (विक्रम घले) | नगद रु. २५ हजार र दोसल्ला |
| ५ | कान्छी गुरुङ(आमा) | धार्चे-०७ | शहिद परिवार (प्रकाश गुरुङ) | नगद रु. २५ हजार र दोसल्ला |
| ६ | ऐरानी गुरुङ(आमा) | धार्चे-०७ | शहिद परिवार (नौ सिहं तमु) | नगद रु. २५ हजार र दोसल्ला |
| ७ | आइनी गुरुङ(आमा) | धार्चे-०७ | शहिद परिवार (पूर्ण बहादुर तमु) | नगद रु. २५ हजार र दोसल्ला |
| ८ | जनजागृति मा.वि. | धार्चे-०५ | धार्चे गाउँपालिकाबाट SEE परिक्षा २०८० मा र समग्रमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय | नगद ५० हजार सम्मानपत्र र दोसल्ला |
| ९ | सन्सरी गुरुङ | प्रभातकिरण मा.वि. | वर्ष उत्कृष्ट शिक्षक - २०८१ | नगद १० हजार सम्मानपत्र र दोसल्ला |
| १० | गजन गुरुङ | मणिकाम देवि मा.वि. | धार्चे गाउँपालिकाबाट SEE परिक्षा २०८० मा सर्वोत्कृष्ट अंक ल्याई पास गर्ने | नगद १० हजार सम्मानपत्र र दोसल्ला |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | विजय कुमार श्रेष्ठ | गा.पा. कार्यालय | वर्ष उत्कृष्ट कर्मचारी -२०८१ | नगद १० हजार सम्मानपत्र र दोसल्ला |
| १२ | सरिष्मा घलान तामाङ | केरौजा स्वा.चौकी | वर्ष उत्कृष्ट स्वास्थ्यकर्मी - २०८१ | नगद १० हजार सम्मानपत्र र दोसल्ला |
| १३ | सुकपाल गुरुङ | धार्चे-०७ | उमेरको हकबन्दीले अवकास प्राप्त कार्यालय सहयोगी,श्री प्रभात किरण मा.वि. | नगद रु. ६० हजार सम्मानपत्र र दोसल्ला |
| १४ | सुरमान गुरुङ | धार्चे-०५ | उमेरको हकबन्दीले अवकास प्राप्त कार्यालय सहयोगी, श्री सिहंदेवी आ.वि. | नगद रु. ६० हजार सम्मानपत्र र दोसल्ला |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ का लागि राष्ट्रिय योजना आयोगमा विशेष अनुदान र समपूरक अनुदानका लागि आयोजनाहरु पेश गर्ने प्रयोजनका लागि गत आ.व. मा ठेक्का सम्झौता भई संचालनमा रहेका तपशिल बमोजिमका आयोजनाहरुमा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

देहाय

विशेष अनुदानतर्फः-

क. आ.व. २०८०/०८१ मा रु. १,८९,८९,८०४.०९।-(भ्याट र कन्टिन्जेन्सी सहित) ठेक्का सम्झौता भई संचालनमा रहेको यस गाउँपालिकाको वडा नं. २ रुन्चेतस्थित रुन्चेत खानेपानी आयोजना (ओडडोमसोम खानेपानी आयोजना) (क्रमागत-३ वर्षे) चालु आ.व.मा सम्पन्न हुने र सम्झौता बमोजिमको रकम समेत (आ.व. २०८०/०८१ मा रु. ९०,००,०००।- र आ.व. २०८१/०८२ मा रु. १,२०,००,०००।- गरि जम्मा रु. २,१०,००,०००।- ) प्राप्त भएको हुँदा सो आयोजनाका लागि आगामी आ.व. मा रकम माग नगर्ने ।

ख. आ.व. २०८०/०८१ मा रु. २,७७,११,४३३.५७।-(भ्याट र कन्टिन्जेन्सी सहित) ठेक्का सम्झौता भई संचालनमा रहेको यस गाउँपालिकाको वडा नं. ५ माछिखोलास्थित माछिखोला खानेपानी आयोजना (क्रमागत-३ वर्षे) चालु आ.व.मा सम्पन्न नहुने र हालसम्म (आ.व. २०८०/०८१ मा रु. ७२,००,०००।- र आ.व. २०८१/०८२ मा रु. ९५,००,०००।- गरि जम्मा रु. १,६७,००,०००।- ) प्राप्त भएको र सम्झौता बमोजिमको रकममा रु. १,१०,११,४३४।- नपुग हुने हुँदा सो आयोजना सम्पन्न गर्नका लागि आगामी आ.व. मा बाँकि रकम माग गर्ने ।

समपूरक अनुदानतर्फः-

ग. आ.व. २०८०/०८१ मा रु. ५,०५,४७,४२१.७७।-(भ्याट र कन्टिन्जेन्सी सहित) ठेक्का सम्झौता भई संचालनमा रहेको यस गाउँपालिकाको वडा नं. ५ स्थित भिसि थमन मार्ग आयोजना (क्रमागत-३ वर्षे) चालु आ.व.मा सम्पन्न नहुने र हालसम्म (आ.व. २०८०/०८१ मा रु. ८०,००,०००।- र आ.व. २०८१/०८२ मा रु. १,५०,००,०००।- गरि जम्मा रु. २,३०,००,०००।- ) प्राप्त भएको र सम्झौता बमोजिमको रकममा रु. ४५,४७,४२२।- नपुग हुने हुँदा सो आयोजना सम्पन्न गर्नका लागि आगामी आ.व. मा बाँकि रकम माग गर्ने ।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा धार्चे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुको सरुवा सहमति यस अगाडिको बैठकबाट रोक्का गरिएकोमा सेवा अवधि एक वर्ष पुगेका इच्छुक शिक्षकहरुलाई आगामी २०८२ असार मसान्तसम्म लागु हुने गरी सरुवा सहमति दिने निर्णय गरियो ।

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा नं. ४ स्थित मणिकामदेवी मा.वि.मा तपशिल बमोजिमको पदमा नियमानुसार विज्ञापन गरि करार सेवामा शिक्षक/का.स. नियुक्ति गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | पद | विषय | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | माध्यमिक शिक्षक (करार- गा.पा. अनुदान) | प्राविधिक(पर्यटन तथा पर्वतारोहण) | १ | कक्षा ११ र १२ अध्यापन गराउने |
| २ | कार्यालय सहयोगी | करार | १ | |

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को परिच्छेद ६ को व्यवस्था बमोजिम तपशिल अनुसार बालमैत्री स्थानीय शासन गाउँ समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

क. अध्यक्ष श्री लक्ष्मण गुरुङ - अध्यक्ष

ख. उपाध्यक्ष, श्री सुनिला गुरुङ - उपाध्यक्ष
ग. प्रमुख प्रशासकीय अधिकृत श्री काजीमान सुनार - सदस्य
घ. वडा अध्यक्षहरु सबै वडा नं. (१-७) - सदस्य
ङ. कार्यपालिका सदस्यहरु सबै - सदस्य
च. शिक्षा शाखा प्रमुख श्री पुष्प राज जोशी - सदस्य
छ. स्वास्थ्य शाखा प्रमुख श्री अमृत बहादुर घले - सदस्य
ज. खानेपानी तथा सरसफाई इकाइ प्रमुख श्री विकास श्रेष्ठ - सदस्य
झ. महिला तथा बालबालिका इकाइ प्रमुख श्री निरु बि.क. - सदस्य
ञ. श्री सिर्जना ढकाल प्रतिनिधि पद्धति विकास केन्द्र - सदस्य
ट. श्री इश्वरी भट्ट प्रतिनिधि स्वारा सघन गाउँ विकास केन्द्र गोरखा - सदस्य
ठ. श्री दिनेश गुरुङ माछिखोला स्वास्थ्य चौकी व्यवस्थापन समिति - सदस्य
ड. श्री विष बहादुर गुरुङ जनजागृति मा.वि. वि.व्य.स. अध्यक्ष - सदस्य
ढ. श्री सन्सरी गुरुङ शिक्षक प्रभातकिरण मा.वि. - सदस्य
ण. श्री मनिष गुरुङ स्वास्थ्य स्वयमसेविका - सदस्य
त. श्री अनिषा गुरुङ (गाउँपालिकास्तरीय बाल संजाल) - सदस्य
थ. श्री सौगात सुनार (गाउँपालिकास्तरीय बाल संजाल) - सदस्य
द. श्री चारमाया गुरुङ अध्यक्ष माछिखोला आमा समूह - सदस्य
ध. प्रमुख श्री दिग बहादुर गर्जा मगर माछिखोला प्रहरी चौकी - सदस्य
न. सामाजिक विकास शाखा प्रमुख श्री रेनुका चालिसे - सदस्य - सचिव

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा स्वास्थ्य क्षेत्रको लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण रणनीति २०८० को बुँदा नं. ३ को ३.१ (३) बमोजिमको स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

क. उपाध्यक्ष, श्री सुनिला गुरुङ - संयोजक
ख. संयोजक सामाजिक विकास समिति श्री किसान गुरुङ - सदस्य
ग. स्वास्थ्य शाखा प्रमुख श्री अमृत बहादुर घले - सदस्य
घ. योजना तथा प्रशासन शाखा प्रमुख श्री विनायक तिमिल्सिना - सदस्य
ङ. शिक्षा शाखा प्रमुख श्री पुष्प राज जोशी - सदस्य
च. प्रमुख माछिखोला प्रहरी चौकी - सदस्य
छ. महिला बालबालिका इकाइ प्रमुख श्री निरु बि.क. - सदस्य - सचिव

१४.प्रस्ताव नं. १४ माथि छलफल गर्दा साविक लाप्राक गा.वि.स. वडा नं. ६ को कि.नं. ९०३ क्षेत्रफल १७६६ रोपनी भएको सार्वजनिक जग्गामा हाल वडा नं. ४ को वडा कार्यालय, स्वास्थ्य चौकी, मणिकामदेवि मा.वि. र अस्थायी प्रहरी चौकीको भवन लगायत अन्य सार्वजनिक भवनहरु रहेको र हालसम्म पनि उक्त निकायहरुको नाममा दर्ता श्रेस्ता तयार/कायम नभएको र सो सम्बन्धि आवश्यक सिफारिस सम्बन्धि कार्यहरु साविकमानै मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालय गोरखाबाट अगाडि बढि नेपाल सरकार समक्ष पुगेको जानकारी प्राप्त भएको हुँदा बाँकि कार्य यथासिघ्र अगाडि बढाईदिन श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत श्री गृह मन्त्रालय, विपद व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. टाइम्स ईनर्जी प्रा.लि. लाई ३४१ मेगा वाट हाइड्रोपावर स्टेशन निर्माण गर्न खोलाविशी स्थित ठाउँमा जग्गा उपलब्ध गराइ, स्थानीय राजस्व परामर्श समितिको निर्णयबाट ५०% राजस्व छुट दिने निर्णय गरियो ।

ख. साविक गुम्दा गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १२९९ को क्षेत्रफल ४५०० वर्गमिटर भएको सार्वजनिक जग्गाको दक्षिणपट्टिको २५०० वर्गमिटर क्षेत्रफलको भाग सार्वजनिक खेलकुद मैदान निर्माण गर्ने प्रयोजनार्थ गुम्दा एकता युवा क्लबलाई संरक्षणको लागि उपलब्ध गर्ने/गराउने।

ग. घट्ट सञ्चालनको लागि पाइप माग भई आएकोमा खानेपानी तथा सरसफाई शिर्षकबाट खर्च व्यहोर्ने गरी सहयोग उपलब्ध गराउने ।

CamScanner